(स्थानीय राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि, २०७४
दफा ४ तथा अनसूची-१ को भाग-१ सँग सम्बन्धित)

बसवारिया गाउँपालिकाद्वारा प्रकाशित

# बसबरिया राजपत्र

खण्ड: १ बर्ष: ६ संख्या: ३२ मिति: २०७८।०३।१८

**भाग-१**

## बसवारिया गाउँपालिका

**भवानीपुर, सर्लाही**

**प्रदेश नं.२**

# बसबरिया गाउपालिकाको विनियोजन ऐन

**बसबरिया गाउँपालिकाको आर्थिक बर्ष २०७९/२०८० को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्थागर्न बनेको ऐन**

सभाबाट स्वीकृत मितिः२०७९/०३/१४

**प्रस्तावनाः**बसबरिया गाउँपालिकाको आर्थिक बर्ष २०७९।०८० को सेवा र कार्यहरुको लागि सञ्चितकोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकमविनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप-धारा (१) बमोजिम बसबरिया गाउँ सभाले यो ऐन बनाएको छ ।

१.**संक्षिप्तनामर प्रारम्भः**

**(१)** यस ऐनको नाम**"बसबरिया गाउँपालिकाको विनियोजन ऐन, २०७९"** हुनेछ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२.**आर्थिक वर्ष २०७९।०८० को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार**ः

(१)आर्थिकवर्ष २०७९।०८० को निमित्त गाउँकार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लेखित चालू खर्च, पूँजिगतखर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी संधीय सरकारबाट विनियोजित वित्तीय समानीकरण तर्फ १० करोड १० लाख , राजश्व बाँडफाँड तर्फ ७ करोड ३४ लाख ५७ हजार , सशर्त अनुदान तर्फ १० करोड ६९ लाख , समपुरक तर्फ १ करोड १० लाख , सशर्त अनुदान पुजीगत तर्फ २ करोड ११ लाख, बिशेष अनुदान पुजीगत १ करोड ५० लाख, प्रदेश सरकार बाट सशर्त अनुदान ८० लाख, बिशेष अनुदान ३० लाख समपुरक अनुदान २० लाख तथा प्रदेश समानीकरण ६७ लाख ८३ हजार र प्रदेश राजश्व बाडफाड बाट रु. ६ लाख अनुमानित, आन्तरिक श्रोत बाट रु. २४ लाख ७ हजार ३०१ आ.व. २०७८/७९ को आल्या रु ५० लाख बरहथवा मालपोतबाट बाडफाड रु २८ लाख आम्दानी हुने गरि जम्मा रु ३५

करोड १० लाख ४७ हजार ३०१ मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

३. **विनियोजनः**

**(१)** यस ऐन द्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७९।०८० को निमित्त बसबरिया गाउँपालिकाको गाउँकार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२)उपदफा (१) माजुनसुकै कुरा लेखिएको भएतापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुगहुने देखिन आएमा गाउँकार्यपालिकाले बचत हुने शीर्षकबाट नपुगहुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरु बाट अर्को एक वा एक भन्दा बढी शीर्षक हरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ ।

पूँजिगत खर्च तर्फको कुनै शीर्षकमा रकम अपुग भएमा पूँजीगत तथा चालु खर्च अन्तर्गतको कुनै शीर्षक अन्तर्गत वर्ष भित्र खर्च हुन नसकेको रकम सार्न सकिनेछ । तर चालु खर्च अन्तर्गतको कुनै पनि शीर्षकमा पूँजीगत शीर्षक बाट रकम सार्न सकिने छैन ।

(३)उपदफा (२) माजुनसुकै कुरा लेखिएको भएतापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २० प्रतिशत सम्म गाउँ कार्यपालिकाको स्वीकृतीमा सार्न सकिनेछ भने २० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँसभाको स्वीकृति लिनु पर्नेछ ।

(४) यस बसबरिया गाउपालिकामा यस ऐनमा उल्लेखित रकम बाहेक पछि विविध स्रोतबाट प्राप्त हुने रकमको हकमा गाउ कार्यपालिकाको निर्णय अनुसार खर्च गर्न सकिनेछ ।

(५) यस ऐन जारी हुनुभन्दा पहिले विशेष परिस्थिति अन्तर्गत अत्यावश्यक शीर्षकमा भएका पुँजीगत तथा चालु शीर्षक अन्तर्गतका खर्चहरु यसै ऐन अनुसार भए गरेको मानिनेछ ।

अनुसूचि-१

(दफा२ संग सम्बन्धित)

नेपालको संविधानको धारा २२९ (१) बमोजिम

# संञ्चितकोषबाट विनियोजन हुने रकम

रु. मा

| क.सं. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पूँजिगतखर्च | वित्तियव्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| 1 | 2 | 3 | 4 | 5 | 6 | 7 |
| १ | | गाउँपालिका,उपाध्यक्ष,वडा, बिषयगत शाखा समेत | १९,११,६४,३०१ | १५,९८,८३,००० | ० | ३५,१०,४७,३०१ |
| २ | | ऋणको सावाव्याजभुक्तानी | ० | ० | ० | ० |
| ३ | | लगानी (शेयर/ऋण) | ० | ० | ० | ० |

आज्ञाले,

नाम  राम प्रकाश राय

नि. प्रमुख प्रशासकीय अधिकृत